स.वि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
COOP

प. नं. ३०९/०८१/०८२

श्री सम्पूर्ण सदस्य संघहरू

मिति: २०८१/०८/९

**विषय: ३२ औं वार्षिक साधारण सभा सम्बन्धमा ।**

उक्त सम्वन्धमा यस महासंघको मिति २०८१ कार्तिक ३० गते बसेको संचालक समितिको २१७ औं बैठकको निर्णयानुसार ३२ औं वार्षिक साधारण सभा देहायका प्रस्तावहरू उपर छलफल एवं निर्णय गर्ने गरी निम्न मिति, समय र स्थानमा बस्ने भएकोले त्यस संघ/बैंकको तर्फबाट साधारण सभामा भाग लिने राष्ट्रिय प्रतिनिधिको मनोनयन गरी तपशिलमा उल्लेखित विवरणहरू सहित आधिकारिक पत्र यस महासंघको इमेल agmncf@gmail.com मार्फत मिति २०८१ पौष ८ गतेभित्र पठाईदिन हुन अनुरोध गर्दछु ।

**छलफलका प्रस्तावहरू**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्वन्धमा।
२) लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्वन्धमा।
३) आ.ब. २०८०/०८१ को वार्षिक लेखा परिक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्वन्धमा।
४) आ.व. २०८१/०८२ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने सम्वन्धमा।
५) आ.व. २०८१/०८२ को लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्वन्धमा ।
६) ४ वर्षे (आ.ब. २०८१/८२ देखि २०८४/८५) व्यवसायिक योजना स्वीकृत सम्वन्धमा ।
७) विभिन्न कोषका रकमहरू जगेडा कोषमा सार्ने सम्वन्धमा ।
८) विनियम संशोधन सम्वन्धमा ।
९) आन्तरिक कार्यविधिहरू पारित तथा संशोधन सम्वन्धमा ।
१०) साधारण सभाको निर्णयहरू प्रमाणित गर्न प्रतिनिधिहरू चयन गर्ने सम्वन्धमा ।
११) विविध
  क) सहकारीका समसामयिक समस्या तथा समाधान सम्वन्धमा ।
  ख) संचालक तथा महाप्रवन्धकको सेवा सुविधा सम्वन्धमा ।

मिति : २०८१ पौष १२ गते शुक्रबार
समय : विहान ८:३० वजेदेखि
स्थान : राष्ट्रिय सहकारी महासंघको सभाहल, पुल्चोक, ललितपुर

**संलग्न गर्नुपर्ने कागजातहरू**

१) आर्थिक वर्ष २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन,
२) महासंघको विनियम २०५० (संशोधन सहित) को दफा १२ (२) बमोजिम सदस्यता शुल्क वापत वार्षिक न्यूनतम रू. ५,०००/ का अतिरिक्त दफा २क वमोजिम सदस्य संघ/बैंकको कूल पूँजी तथा दायित्वका आधारमा भुक्तानी गर्नुपर्ने वार्षिक सेवा शुल्क महासंघको बैंक खातामा दाखिला गरेको बैंक भौचरको प्रतिलिपि,
३) महासंघको विनियम २०५० (संशोधन सहित) को दफा १८ (ख) अनुसार सदस्य संघ/बैंकले सदस्य संख्याको आधारमा राष्ट्रिय प्रतिनिधि मनोनयन गरी महासंघको वेवसाईट www.ncfnepal.com.np मा राखिएको राष्ट्रिय प्रतिनिधि विवरण फारम भरी मताधिकार प्रयोग गर्ने राष्ट्रिय प्रतिनिधि र मताधिकार प्रयोग नगर्ने राष्ट्रिय प्रतिनिधिहरूको विवरण,
४) राष्ट्रिय प्रतिनिधि मनोनयन सम्वन्धि साधारण सभा वा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि ।

निरन्तर सहयोग र सक्रिय सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन!

निर्देशानुसार,

.......................................
(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np